ICTJ 10 years

ictj briefing

# नेपालको सत्य निरुपण तथा मेलमिलाप अयोगसम्बन्धी विधेयकमा क्षमादान तथा मेलमिलापसम्बन्धी व्यवस्था

आईसिटिजे नेपाल
नोभेम्बर २०११

नेपालको सत्य निरुपण तथा मेलमिलाप आयोगसम्बन्धी विधेयकमा क्षमादान तथा मेलमिलापसम्बन्धी

## विषय सूची

क्षमादान भनेको के हो ? १
के क्षमादान बैध हो ? २
सत्य निरुपण आयोगहरुद्वारा क्षमादानको प्रयोग कस्तो अवस्थामा गरिएको छ ? ३
के नेपालको सत्य निरुपण तथा मेलमिलाप आयोगले क्षमादान दिनसक्छ ? ४
के नेपालको सत्य निरुपण तथा मेलमिलाप आयोगले पीडित र दोषीहरुका बिच मेलमिलाप गराउन सक्छ ? विधेयकअर्न्तगत मेलमिलाप भन्नाले के बुझाउँछ ? ६
निष्कर्ष ९

शान्ति सम्झौताको क्रममा कुनै निश्चित किसिमका अपराधहरुमा क्षमादान दिइँदा त्यसले राष्ट्रिय मेलमिलाप प्रवर्द्धन गर्नेछ भन्ने अक्सर विश्वास गरिन्छ । नेपालको सत्य निरुपण तथा मेलमिलाप आयोगसम्बन्धी विधेयकमा हाल क्षमादान तथा मेलमिलाप सम्बन्धि दुवै व्यवस्थाहरु रहेका छन् । तथापि क्षमादानको सिफारिस गर्ने सम्बन्धी व्यवस्थालाई मेलमिलापसम्बन्धी प्रावधानहरुसँग जोड्ने कुरामा भने विधेयक स्पष्ट छैन ।[1] यस जानकारीपत्रले क्षमादान तथा मेलमिलापसम्बन्धी अवधारणाहरुको अन्वेषण गर्नुका साथै विधेयकमा रहेका प्रावधानले पीडितहरुलाई पार्ने प्रभावहरुका बारेमा प्रकाश पार्न खोजेको छ ।

## *क्षमादान भनेको के हो ?*

क्षमादान भनेको क्षमादानको व्यवस्था गरिनुपूर्व घटित निश्चित किसिमका फौजदारी कार्यहरु उपर भविष्यमा हुने कुनै पनि अभियोजनमाथिको रोक हो । सामान्यतया क्षमादानले कुनै निश्चित समयावधिमा घटित वा सशस्त्र द्वन्द्वजस्ता विशेष घटनासँग सम्बन्धित व्यवहारहरुलाई समेट्दछ ।[2] क्षमादान अक्सर मानिसहरुको निश्चित वर्ग वा वर्गहरुसँग जोडिएको हुन्छ ।[3] उदाहरणका लागि विद्रोही सेनाका सदस्यहरु वा राज्यका प्रतिनिधीहरु । क्षमादान विभिन्न प्रकारको हुन्छः स्व:क्षमादान, पूर्ण क्षमादान तथा शर्त सहितको क्षमादान । स्व:क्षमादान भन्नाले आरोपित दोषीहरु आफैले आफूहरुलाई अभियोजनबाट उन्मुक्ति दिन पारित

१ त्यसैगरी, दक्षिण अफ्रिकी सत्य निरुपण तथा मेलमिलाम आयोगको ढाँचामा क्षमादान प्रक्रिया स्थापना गर्ने कानूनले मेलमिलापको बारेमा उल्लेख गरेको थिएन । सन् १९९५ को ऐन संख्या ३४, राष्ट्रिय एकता तथा मेलमिलाप प्रर्वद्धन ऐन, भाग ४, क्षमादानसम्बन्धी संयन्त्र र प्रक्रिया ।

२ मानव अधिकार उच्चायूक्तको कार्यालय, क्षमादानः द्वन्द्वोत्तर राज्यहरुमा कानूनको शासनसम्बन्धी साधन, संयूक्त राष्ट्र संघ, न्यूयोर्क र जेनेभा २००९, पृष्ठ ५-६ ।

३ ऐ., पृष्ठ ६ । क्षमादानलाई माफी (कसुर ठहर भएका अपराधी वा अपराधीहरुलाई उनीहरुको सजायबाट पुरै वा आशिंक उन्मुक्ति दिने औपचारीक कार्य) भन्दा फरक अर्थमा लिने गरिन्छ । तथापि कहिलेकाही राज्यहरुले क्षमादान भन्ने शब्दलाई माफी वा कसैमाथि राखिने करुणा/दयालाई पनि क्षमादानका लागि पनि प्रयोग गर्ने गरेका छन् ।

गरेका क्षमादानसम्बन्धी प्रावधानहरुलाई बुझ्काउँदछ । पूर्ण क्षमादान भन्नाले सामान्यतया कुनै एक निश्चित वर्गका सम्पूर्ण सदस्यहरु (उदाहरणका लागि विद्रोहि सशस्त्र समूह वा सशस्त्र समूहका सदस्यहरु) लाई लागू हुने क्षमादान भन्ने बुझ्किन्छ जसले सामान्यतया कुन कुन व्यक्ति क्षमादानका लागि योग्य हुन् भन्ने निर्धारण गर्नका लागि कुनै संयन्त्रको स्थापना गरेको हुदैन र क्षमादान पाउन चाहने व्यक्तिले कुनै शर्त पुरा गर्न आवश्यक हुदैन ।[४] शर्त सहितको क्षमादानमा क्षमादान पाउनुपूर्व दोषीहरुले क्षमादानसम्बन्धी कानूनमा उल्लेखित शर्तहरु पुरा गर्नुपर्ने हुन्छ ।

## *के क्षमादान बैध हो ?*

अन्तर्राष्ट्रिय कानूनअन्तर्गत् युद्ध अपराध, मानवताविरुद्धको अपराध, आम नरसंहार वा यातनाका अपराधहरुमा क्षमादान दिन सकिंदैन । त्यसका अतिरिक्त अन्तर्राष्ट्रिय कानूनअन्तर्गत मानव अधिकारको गम्भीर उल्लङ्घनहरुमा उपचार प्रदान गर्नुपर्ने कर्तव्यअनुरुप त्यस्ता उल्लङ्घनमा क्षमादान अवैध हुन्छ ।[५] “मानव अधिकारको गम्भीर उल्लङ्घन”को कुनै निश्चित भाषा नभएपनि सो अर्न्तगत निम्नलिखित कुरा पर्दछन् भन्ने मानिन्छः

. . . आम नरसंहार, दास बनाउने तथा दास व्यापार, हत्या, जर्वजस्ती वेपत्ता, यातना वा अन्य क्रुर, अमानविय वा अपमानजनक व्यवहार वा सजाँय, लामो समयसम्म स्वेच्छाचारी रुपमा थुनामा राख्ने कार्य, निर्वासन वा जनसमुहको बलात् स्थानान्तरण, तथा प्रक्रियागत जातिय विभेद . . . मनसायपूर्ण तथा प्रक्रियागत तरिकाबाट अत्यावश्यक खाद्य सामग्री, अत्यावश्यक प्राथमिक स्वास्थ्य सेवा वा आधारभुत आश्रय र आवासबाट बञ्चित गर्ने कार्य पनि मानव अधिकारको गम्भीर उल्लङ्घन हुनसक्छ ।[६]

---

४ उदाहरणका लागि सिएरा लिओनको लोम शान्ति सम्झौताको धारा ९ ले “यस सम्झौतामा हस्ताक्षर भए पश्चात्त सिएरा लिओनको सरकारले सबै लडाकू तथा सहयोगीहरुलाई उनीहरुले आफ्नो उद्देश्यप्राप्तिका लागि हालको सम्झौता हुनुपूर्व गरेका सबै कार्यहरुका लागि पूर्ण रुपमा क्षमा दिने तथा सजाय स्थगन गर्नेछ” भन्ने उल्लेख गरेको छ । संयूक्त राष्ट्र संघका महासचिव कोफी अन्नानले संयुक्त राष्ट्रसंघिय सुरक्षा परिषदसमक्षको आफ्नो प्रतिवेदनमा “अन्य शान्ति सम्झौताहरुमा जस्तै लोम शान्ति सम्झौतामा पनि थुप्रै सहमतिहरु आवश्यक थिए । परिणामस्वरुप यस शान्ति प्राप्तीका लागि स्विकार गरिएका केहि शर्तहरु र त्यसमा पनि विशेषतः क्षमादानसम्बन्धी प्रावधानहरु रुवाण्डा र पूर्वी युगोस्लाभियाका लागि संयुक्त राष्ट्रसंघिय न्यायाधिकरण र भावी अन्तर्राष्ट्रिय फौजदारी अदालतको स्थापनामा प्रेरणा दिने दण्डहिनताको संस्कृति अन्त्य गर्ने लक्ष्यसँग मिलान गर्न कठिन रहेको छ । त्यसैकारण मेरो विशेष प्रतिनिधिलाई शान्ति सम्झौतामा हस्ताक्षर गर्दा, संयुक्त राष्ट्र संघको हकमा उक्त क्षमादानले नरसंहार, मानवता विरुद्धको अपराध, यूद्ध अपराध तथा अन्तर्राष्ट्रिय मानविय कानूनको अन्य गम्भीर उल्लङ्घनलाई समेट्न सक्ने छैन भनि उल्लेख गर्न निर्देशन दिइएको थियो...” भनी उल्लेख गर्दै उक्त प्रस्तावित क्षमादान अस्विकार गरेका थिए ।

५ उदाहरणका लागि हेर्नुहोस् । अन्तर्राष्ट्रिय मानव अधिकार कानूनको आम उल्लङ्घन तथा अन्तर्राष्ट्रिय मानविय कानूनको गम्भीर उल्लङ्घनका पीडितहरुको उपचार तथा परिपुरण अधिकारसम्बन्धी आधारभूत सिद्धान्त तथा निर्देशिका । यी आधारभूत सिद्धान्तले कानूनको सिर्जना नगर्ने भए पनि यी सिद्धान्तहरु अनुमोदन गर्ने महासभाले यी सिद्धान्तहरुले विद्यमान अन्तर्राष्ट्रिय कानूनको अवस्थाको प्रतिनिधित्व गर्ने स्विकारेको छ । यसका अतिरिक्त हेर्नुहोस्, मानव अधिकार उच्चायूक्तको कार्यालय, क्षमादानः द्वन्द्वोत्तर राज्यहरुमा कानूनको शासनसम्बन्धी साधन, संयूक्त राष्ट्र संघ, न्यूयोर्क र जेनेभा २००९, पृष्ठ २०-२१ ।

६ मानव अधिकार उच्चायूक्तको कार्यालय, क्षमादानः द्वन्द्वोत्तर राज्यहरुमा कानूनको शासनसम्बन्धी साधन, संयूक्त राष्ट्रसंघ, न्यूयोर्क र जेनेभा २००९, पृष्ठ २१ ।

## *सत्य निरुपण आयोगहरुद्वारा क्षमादानको प्रयोग कस्तो अवस्थामा गरिएको छ ?*

दक्षिण अफ्रिकाको सत्य निरुपण तथा मेलमिलाप आयोगमात्र एक त्यस्तो सत्य निरुपण आयोग हो जसले क्षमाका लागि सत्य भन्ने सूत्र अवलम्बन गर्दै क्षमा प्रदान गरेको थियो । आयोगले उक्त प्रक्रियाको सहजिकरणका लागि एक निश्चित ढाँचा अवलम्बन गरेको थियो । सत्य निरुपण तथा मेलमिलाप आयोग स्थापना गर्ने कानूनले एउटा क्षमादानसम्बन्धी समिति स्थापना गरेको थियो र आयोगका अन्य भागहरुको विपरित यो समिति न्यायाधिशको अध्यक्षतामा रहेको एक अर्धन्यायिक निकायको रुपमा रहेको थियो र निजले समितिको कार्यवाही, बयान र जिरह प्रक्रियामा अध्यक्षता गर्दथ्यो । क्षमादान समितिलाई नियममा उल्लेखित क्षमादानका लागि पुरा गर्नुपर्ने निश्चित शर्तहरु पुरा गरिए वा नगरिएको र त्यसअनुरुप क्षमादान दिइनुपर्ने वा नपर्ने कुराको जाँच गर्ने कार्य तोकिएको थियो । त्यसकारण क्षमादान स्वतः हुने नभई शर्तयूक्त रहेको थियो । क्षमादान समितिले निवेदकले सम्बद्ध तथ्यहरु पूर्ण रुपमा बताएको र उक्त कार्य राजनीतिक उद्देश्यबाट प्रेरित हुनुका साथै  उक्त उद्देश्यसँग समानुपातिक रहेको कुरामा विश्वस्त भएमा मात्र क्षमादान दिन सक्दथ्यो । क्षमादानका लागि जम्मा ७,११२ निवेदन परेको थियो र निवेदनमाथिको कारवाही अर्धन्यायिक प्रकृतिको भएकाले पनि उक्त निवेदनहरुको जाँचमा ढिलाई भएको थियो ।[७] अन्तिममा गएर ५,३९२ निवेदनहरु अस्विकार गरियो भने मात्र ८४९ निवेदकहरुलाई क्षमादान दिइएको थियो ।[८] मानव अधिकार उच्चायुक्तको कार्यालयले यदि दक्षिण अफ्रिकी सत्य निरुपण तथा मेलमिलाप आयोगका प्रावधानहरु आजको अवस्थामा कार्यान्वयन गरिए अन्तर्राष्ट्रिय मानव अधिकार निकायहरुलाई स्विकार्य हुने कुरामा शंका रहेको उल्लेख गरेको छ ।[९] साथै विश्लेषकहरुले दक्षिण अफ्रिकामा आयोगको स्थापनाका समयमा व्याप्त अभियोजन गरिने जोखिमको विश्वासनियताको कारण पनि त्यति धेरै संख्यामा क्षमादानको निवेदन आउनुको आंशिक कारण रहेको उल्लेख गरेका छन् ।

अन्य थुप्रै सत्य आयोगहरुको कार्यादेश अर्न्तगत क्षमादान प्रदान गर्ने नभई सो को *सिफारिस* गर्ने अधिकार समावेश गरिदै आएको छ । यसो भन्दा अन्तर्राष्ट्रिय मानव अधिकार तथा मानविय कानूनको गम्भीर उल्लङ्घन र मानवता विरुद्धको अपराधहरुमा क्षमादानका लागि भने उक्त सिफारिस दिन सकिंदैन । लाईबेरियाको सत्य निरुपण तथा मेलमिलाप आयोगले क्षमादानका लागि आवेदन दिने व्यक्तिलाई “दोषी वा सहयोगीका रुपमा आफूले गरेका गलत कार्यका बारेमा पूर्ण विवरण दिएमा र कुनै गर्नुनहुने कार्य गरेको वा गर्नुपर्ने कार्य नगरेको सम्बन्धमा पश्चात्ताप

---

७ जे. डुगार्ड, “मेलमिलाप र न्यायः दक्षिण अफ्रिकी अनुभव”, संक्रमणकालीन कानून र समसामयिक समस्या, १९९८ ।

८ http://www.doj.gov.za/trc/amntrans/index.htm (२२ सेप्टेम्बर २००९ मा हेरिएको)·

९ मानव अधिकार उच्चायूक्तको कार्यालय, क्षमादानः द्वन्द्वोत्तर राज्यहरुमा कानूनको शासनसम्बन्धी साधन, संयूक्त राष्ट्र संघ, न्यूयोर्क र जेनेभा २००९, पृष्ठ ३३ (मानव अधिकार समिति तथा मानव अधिकारसम्बन्धी अन्तर अमेरिकी आयोग तथा अदालत जस्ता निकायद्वारा विकसित कानूनी मापदण्डअर्न्तगतको जाँचमा यो उर्तिण हुनेछ भन्ने कुरामा शंका रहेको छ भन्ने उल्लेखित) ।

गरेमा, त्यस्तो माफी वा क्षमादान अन्तर्राष्ट्रिय कानून तथा मापदण्डहरु अनुरुप अन्तर्राष्ट्रिय मानविय कानून र मानवता विरुद्धको अपराधमा लागू नहुने गरी . . .” क्षमादानका लागि सिफारिस गर्न सक्दछ ।[१०]

केन्याको सत्य, न्याय तथा मेलमिलाप आयोग “मानव अधिकारको गम्भीर उल्लङ्घन बाहेक” का कार्यहरुका लागि पनि क्षमादानका लागि निवेदन लिने र क्षमादान दिनका लागि सिफारिस गर्न सक्षम रहेको छ ।[११]

## *के नेपालको सत्य निरुपण तथा मेलमिलाप आयोगले क्षमादान दिनसक्छ ?*

नेपालको सत्य निरुपण तथा मेलमिलाप आयोगसम्वन्धी विधेयकमा क्षमादानको प्रावधान रहेको छ जस अनुसार सत्य निरुपण तथा मेलमिलाप आयोगले क्षमादानको सिफारिस गर्न सक्दछ तर यो प्रावधान निवेदकले सशस्त्र द्वन्द्वको समयमा गरेका आफ्नो क्रियाकलापहरुका बारेमा पूरा सूचना प्रदान गरेको अवस्थामा मात्र[१२] र केही निश्चित अपराधहरुको हकमा मात्र लागू हुन्छ । सो विधेयकमा रहेको प्रावधान बमोजिम निम्न अपराधहरुमा संलग्न कुनै व्यक्तिलाई क्षमादानको सिफारिस गरिनेछैनः (क) (राज्य वा गैरराज्य पक्षले) आफ्नो नियन्त्रणमा लिई वा अमानविय तवरले गरिएको जुनसुकै किसिमको हत्या; (ख) निसशस्त्र व्यक्तिको हत्या; (ग) यातना;[१३] (घ) बलात्कार; (ङ) बेपत्ता पार्ने; र (च) अपहरण र बन्दी बनाउने कार्य ।

आयोगले यस सूचीमा सूचीकृत नगरिएका गम्भीर अपराधका साथै कम गम्भीर खालका अपराधहरुका लागि क्षमादानको सिफारिस गर्ने वा नगर्ने भन्ने निर्णय गर्नु पर्नेछ । क्षमादानको सिफारिस गर्ने समयमा सत्य निरुपण तथा मेलमिलाप आयोगले अन्तर्राष्ट्रिय मानव अधिकार कानून, अन्तर्राष्ट्रिय मानविय कानून र अन्तर्राष्ट्रिय फौजदारी कानूनअन्तर्गत नेपालको विद्यमान दायित्वहरुलाई ध्यानमा

---

१० लाईबेरियाको राष्ट्रिय संक्रमणकालीन व्यवस्थापिकाद्वारा सन् २००५ को मे १२ मा जारि गरिएको सत्य तथा मेलमिलाप आयोग स्थापनासम्बन्धी ऐन, दफा २६(छ) । साथै हेर्नुहोस् दफा ४५ (“यसका साथै सत्य तथा मेलमिलाप आयोगले दफा २६(छ) मा उल्लेखित् शर्त तथा बन्देज अनुरुप योग्य व्यक्तिहरुलाई क्षमादानका लागि र पीडितहरुका लागि परिपुरणका सम्बन्धमा, आयोगका निश्कर्षका सम्बन्धमा सरकारद्वारा चालिनुपर्ने विशेष कदमहरुका बारेमा, आयोगले पहिचान गरेका विशेष चासोहरु सम्बोधन गर्नका लागि विशेष कानून तथा कानूनी एवम् सरकारी सुधारका उपायहरुका सम्बन्धमा र सम्बद्ध सरकारी निकाय तथा अङ्गहरुलाई प्रभावकारी बनाउने सम्बन्धमा सिफारिस गर्नेछ” भन्ने उल्लेखित् रहेको छ । आफ्नो सुझावमा आयोगले “बालबालिकाका लागि सामान्य क्षमादान सहि र उपयुक्त हुनेछ । आम उल्लङ्घन भन्दा कम गम्भिर प्रकृतिका अपराधहरुमा पनि क्षमादान आवश्यक र केहि विशेष परिस्थितीहरुमा राष्ट्रिय आरोग्यता र मेलमिलाप प्रर्वद्धन गर्नका लागि उपयुक्त हुन्छ” भन्ने उल्लेख गरेको छ । लाईबेरियाको सत्य तथा मेलमिलापसम्बन्धी आयोगको अन्तिम प्रतिवेदन, अंक १, पृष्ठ ६ ।·

११ http://www.tjrckenya.org/index.php/about-tjrc/mandate-and-activities.

१२ नेपालको व्यवस्थापिका संसदको सचिवालय, सत्य निरुपण तथा मेलमिलाप आयोगसम्वन्धी विधेयक, (अनौपचारिक अनुवाद), डिसेम्वर २००९ मा दर्ता गरिएको, धारा २५(४) । राष्ट्रिय एकता र मेलमिलाप ऐन १९९५, ऐन संख्या ३४, भाग ४, क्षमादान संयन्त्रहरु र कार्यविधिहरु हेर्नुहोस् ।

१३ सत्य निरुपण तथा मेलमिलाप आयोगले यातना भन्ने शव्दको व्याख्या गर्दा अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप “यातना र अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय”लाई समेट्ने गरी व्याख्या गर्नेछ भनि अनुमान गरिएको छ ।

राख्नु अत्यावश्यक हुनेछ ।[१४] यस अर्न्तगत गम्भीर मानव अधिकारको उल्लङ्घन, मानवताविरुद्धको अपराधहरु र अन्तर्राष्ट्रिय मानविय कानूनको गम्भीर उल्लङ्घनको सम्वन्धमा अनुसन्धान र अभियोजन गर्ने दायित्व पर्दछ । यदि सत्य निरुपण तथा मेलमिलाप आयोगले यस्ता अपराधहरुका लागि क्षमादानको सिफारिस गरेको खण्डमा, सत्य निरुपण तथा मेलमिलाप आयोग विधेयकको प्रस्तावनामा अभिव्यक्त गरिए झैं "दण्डहिनताको अन्त्य" भने हुनेछैन ।[१५] त्यसका साथै नेपालले निश्चितरुपमा अन्तर्राष्ट्रिय कानूनको अवज्ञा गर्नेछ ।

## पीडितसँग परामर्श

सत्य निरुपण तथा मेलमिलाप आयोगसम्वन्धी विधेयक अनुसार आयोगले क्षमादानको सिफारिस गर्नुपूर्व पीडितसँग परामर्श गर्न सक्नेछ ।[१६] यस अधिकारलाई स्वविवेकीय अधिकारको रुपमा मस्यौदा गरिएको भएपनि नीतिगतरुपमा आयोगले यसलाई बाध्यात्मक व्यवस्थाका रुपमा लिनुपर्दछ । साथै आयोगले त्यस्तो परामर्श र त्यसको सहजीकरण कसरी गरिनेछ भनि कार्यविधिगत, आर्थिक र सरसामाग्री सहितको विवरण पनि स्पष्ट पार्नुपर्दछ । दक्षिण अफ्रिकाको सत्य निरुपण तथा मेलमिलाप आयोगको क्षमादान प्रक्रियामा पीडितको सहभागितासम्बन्धी व्यवस्था गरिएको थियो तर सोको लागि योजना र स्पष्टताको अभावका कारण उक्त प्रक्रियामा प्रशस्त आर्थिक सहायता जुट्न सकेन र सम्वन्धित कार्यवाहिहरुमा सहभागी हुनका लागि पीडितहरुसमक्ष पर्याप्त सूचना प्रवाह भएन ।[१७]

---

१४ नागरिक तथा राजनैतिक अधिकारहरुसम्वन्धी अन्तर्राष्ट्रिय अनुवन्ध (१९६६) र यसको ऐच्छिक अध्यालेख (१९६६ र १९८९); आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरुसम्वन्धी अन्तर्राष्ट्रिय अनुवन्ध (१९६६); सबै प्रकारको जातिय भेदभाव उन्मुलन गर्ने महासन्धि (१९६५); महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मुलन गर्ने महासन्धि (१९७९) र यसको ऐच्छिक अध्यालेख (१९९९); यातना र सबै प्रकारका क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायविरुद्ध महासन्धि (१९८४); बालअधिकारसम्वन्धी महासन्धि (१९८९) र यसको ऐच्छिक अध्यालेख (२०००) र बाल अधिकारसम्वन्धी महासन्धिको सशस्त्र द्वन्द्वमा बालबालिकाको संलग्नतासम्वन्धी ऐच्छिक अध्यालेख, बाल अधिकारसम्वन्धी महासन्धिको बालबालिकाको बेचविखन, बाल बेश्याबृत्तिप्रथम र बालबालिकाको यौन दुराचारसम्वन्धी ऐच्छिक अध्यालेख; अपांगता भएका व्यक्तिहरुको अधिकारसम्वन्धी महासन्धि (२००६) । प्रायः जसो अवस्थामा महिलालाई लक्षित गरिएका प्रावधानहरुमात्र नभई यी सबै प्रावधानहरु महिलाहरुको हकमा पनि लागू हुन्छन् भन्ने कुरा ख्याल गरिदैन । नेपालले जेनेभा महासन्धि (१९७९)को ऐच्छिक अध्यालेख १ र २; यातना र सबै प्रकारको क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायविरुद्ध महासन्धिको ऐच्छिक अध्यालेख (२००२); आप्रवासी कामदारहरु र तिनीहरुको परिवारका सदस्यहरुको अधिकारहरुसम्वन्धी अन्तर्राष्ट्रिय महासन्धि (१९९०); र जवर्जस्ती बेपत्ता पारिनबाट सबै व्यक्तिहरुको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिलाई अनुमोदन गरेको छैन । साथै, अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान (१९९८) पनि अनुमोदन गरेको छैन ।

१५ सत्य निरुपण तथा मेलमिलाप आयोगसम्वन्धी विधेयक, प्रस्तावनाले भनेको छ, "मानव अधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्न व्यक्तिलाई कानूनको दायराभित्र ल्याई दण्डहिनताको अन्त्य गर्न र भविष्यमा त्यस्तो काम गरेमा सजाय हुने तर्फ सबैलाई सतर्क गराउन" सत्य निरुपण तथा मेलमिलाप आयोगको स्थापना गरिनेछ ।

१६ सत्य निरुपण तथा मेलमिलाप आयोगसम्वन्धी विधेयक, दफा २३(४)। "उपदफा (३) बमोजिम क्षमादानको लागि निवेदनको हकमा, आयोगले कुनै व्यक्तिलाई क्षमादान दिने वा नदिने भनि निर्णय गर्नु अघि आवश्यकता अनुसार पीडितसँग परामर्श गर्नेछ ।" (यस प्रावधानले पीडित र पिडकबीच पहिचानयोग्य सम्वन्ध छ भन्ने अनुमान गर्छ ।)

१७ दक्षिण अफ्रिकामा, क्षमादान सम्बन्धी निवेदनहरुको समिक्षा गर्न सत्य निरुपण तथा मेलमिलाप आयोगबाट छुट्टै क्षमादान समिति स्थापना गरिएको थियो । पीडितहरुलाई पिडकको बारेमा सुनुवाई हुने

नेपालको सत्य निरुपण तथा मेलमिलाप आयोगले पीडितसँग गर्ने परामर्शको प्रयोजन र प्रभावको साथै क्षमादान सिफारिस गर्न सकिने अवस्थाहरुको बारेमा स्पष्ट पार्ने निर्देशिकाहरु तयार गर्नु पनि उपयुक्त हुनेछ। यसअर्न्तगत अन्य विभिन्न कुराहरुका अतिरिक्त अन्तर्राष्ट्रिय कानूनअन्तर्गत नेपालको दायित्वहरुको बारेमा आयोगको बुझाई समेटिनु पर्दछ। यस्ता निर्देशिकाहरु पारदर्शीताको स्तरवृद्धि गरी सबै पक्षहरुको अपेक्षा व्यवस्थापन गर्न सहयोग गर्ने र निर्णय प्रक्रियामा एकरुपता कायम गर्ने तर्फ महत्वपूर्ण कदम हुनेछन्।

## *के नेपालको सत्य निरुपण तथा मेलमिलाप आयोगले पीडित र दोषीहरुका बिच मेलमिलाप गराउन सक्छ ? विधेयकअर्न्तगत मेलमिलाप भन्नाले के बुझाउँछ ?*

नेपालको सत्य निरुपण तथा मेलमिलाप आयोगसम्वन्धी विधेयकमा सामाजिक र व्यक्तिगत तह दुवैमा मेलमिलापसम्वन्धी प्रावधानहरु रहेका छन्। विधेयक अनुसार "सशस्त्र द्वन्द्वका क्रममा मानव अधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्न व्यक्तिहरुको बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्ने काम समेतको लागि" सत्य निरुपण तथा मेलमिलाप आयोगको स्थापना गरिएको छ।[१८] त्यसकारण सत्य निरुपण तथा मेलमिलाप आयोगको जोड सत्यको खोजी, परिपुरण र मेलमिलापमा रहेको छ।

सत्य निरुपण तथा मेलमिलाप आयोग विधेयकमा मेलमिलापको विषयसँग सम्वन्धित विशेष प्रावधान पनि रहेको छ। उक्त प्रावधानले आयोगलाई पीडित र पिडकहरुबीच व्यक्तिगतरुपमा मेलमिलाप गराउन सहजीकरण गर्ने अधिकार प्रदान गर्दछ।[१९] यस प्रावधान अन्तर्गत पीडित वा पिडकले मेलमिलापका लागि निवेदन

---

स्थान र समयको बारेमा सुसूचित हुने, उपस्थित हुने र बयान वा अन्य प्रमाणहरु प्रस्तुत् गरी सहभागी हुने अधिकार थियो। सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, दफा १९(४) (क) र (ख)। यद्यपी, "धेरै अवस्थाहरुमा पीडितहरुलाई सुनुवाईको बारेमा सुनुवाई हुनुभन्दा केही समय अगाडि मात्र जानकारी गराइएको थियो, केही अवस्थाहरुमा सुनुवाई हुनुभन्दा एक दिन पूर्वमात्र जानकारी गराइएको थियो र जसले गर्दा प्रायजसो तिनीहरुले चाहेर पनि सहभागिता जनाउन सकेनन् . . . । जसलाई समयमै जानकारी गराइएको थियो, तिनीहरुले समय र पैसाको अभावमा सुनुवाईमा उपस्थित हुन सकेनन्। धेरै पीडितहरुका लागि, सुनुवाईमा उपस्थित हुन घण्टौं यात्रा गर्नु पर्थ्यो र धेरै अवस्थाहरुमा एक दिनको काम र अत्यावश्यक ज्यालाको क्षति हुन्थ्यो। सत्य निरुपण तथा मेलमिलाप आयोगसँग पीडितहरुलाई सुनुवाईमा उपस्थित गराउनका लागि यातायात खर्च र अन्य सहायता दिने स्रोत उपलव्ध थिएन। बहुसंख्यक पीडितहरुलाई यस्ता खर्चहरुको कारण सुनुवाईमा उपस्थित हुन ज्यादै कठिन र केही अवस्थाहरुमा असम्भव पनि थियो। कुनै निश्चित दिनका लागि तोकिएको निवेदन उपरको सुनुवाई अर्को दिनमा सार्ने कार्य र त्यसमा पनि अन्तिम समयमा सुनुवाई सार्ने कार्यले यस समस्यालाई थप जटिल बनायो। यसो हुनुको मुख्य कारण क्षमादानको सुनुवाईको मुख्य प्राथमिकता पिडक-निवेदकहरु हुनु थियो। सुनुवाईहरु प्रथमतः निवेदकहरु र तिनीहरुको कानून व्यवसायीहरुको उपलव्धताको आधारमा तोकिएको थियो।" रोन स्ल्ये, *भिक्टिम्स एज द हर्ट अफ द म्याटरः द साउथ अफ्रिकन एमनेस्टी प्रोसेस एज प्रोमिस्ड इन प्राक्टिस*, ८ (अप्रिल २००३)। SSRN: http://ssrn.com/abstract=1022145 मा उपलव्ध छ।

१८ सत्य निरुपण तथा मेलमिलाप आयोगसम्वन्धी विधेयक, दफा ३

१९ सत्य निरुपण तथा मेलमिलाप आयोगसम्वन्धी विधेयक, दफा २३ "(१) पीडित वा पिडकले मेलमिलापका लागि आयोगसमक्ष निवेदन दिएमा आयोगले पिडक र पीडितलाई एक आपसमा मेलमिलाप गराउन सक्नेछ। तर पिडक वा पीडितको निवेदन नपरेपनि सामुहिक रुपमा मेलमिलाप गराउन आयोगलाई

दिन सक्दछन् । यस प्रावधानले खासगरि कुनै निश्चित अपराध र पीडितसँग जोडिएका पिडकहरु सजिलै पहिचान गर्न सकिनेछ भन्ने अनुमान गर्दछ ।

विधेयकको प्रावधानले आयोगलाई कुनै पिडकलाई मेलमिलाप प्रक्रियाको भागको रुपमा उचित क्षतिपूर्ति प्रदान गर्न लगाउने अधिकार पनि प्रदान गरेको छ ।[२०] यो समस्यामूलक छ किनकि यस व्यवस्थाले क्षतिपूर्तिको भुक्तानी आयोगले गर्ने सहजीकरण र पक्षहरु बिचको मेलमिलापको सुनिश्चिततामा निर्भर रहने देखाउँछ । साथै यस प्रावधानले समान उल्लङ्घन सहेका पीडितहरुले प्राप्त गर्ने क्षतिपूर्तिको रकममा असमानता र विविधता ल्याउने जोखिम सिर्जना गर्दछ किनभने यो पिडकको पहिचान, मेलमिलाप प्रक्रियामा जाने वा नजाने भन्ने निर्णय तथा पिडकको भुक्तानी क्षमतामा आधारित हुन्छ । साथै यसले भविष्यमा ल्याइने परिपुरण कार्यक्रममा द्विविधा र कठिनाईहरु सिर्जना गर्न सक्दछ किनभने केही पीडितहरुले क्षतिपूर्तिका रुपमा भिन्न भिन्न रकम प्राप्त गरिसकेका हुन्छन् भने केही पीडितहरुले केही पनि प्राप्त गरेका हुँदैनन् । यसका साथै, सत्य निरुपण तथा मेलमिलाप आयोगसम्वन्धी विधेयकमा भएको क्षतिपूर्तिको प्रावधानलाई परिपुरण भनि बुझिनु वा अल्मलिनु हुँदैन । अन्तर्राष्ट्रिय कानून अनुसार पीडितले कुनै कार्य गरिदिए वा छुट दिए मात्र सोको आधारमा उनीहरुलाई परिपुरण दिने भन्ने बनाईनु हुँदैन । परिपुरण भनेको पीडितमाथि भएको हानीको उपचारको रुपमा प्राप्त हुने पीडितको अधिकार हो ।

व्यक्तिगत् मेलमिलापलाई सहयोग गर्ने कार्यादेशका अतिरिक्त विधेयकले सत्य निरुपण तथा मेलमिलाप आयोगलाई व्यापकरुपमा समूदायमा आधारित मेलमिलाप गतिविधिहरु सञ्चालन गर्न "पीडित र पिडकलाई प्रोत्साहन गर्ने" अधिकार पनि प्रदान गरेको छ ।[२१] आयोगले पीडित वा पिडकबाट निवेदन वा अनुरोध प्राप्त नगरे पनि यस्ता सामूहिक मेलमिलाप गतिविधिहरु सञ्चालन गर्न सक्नेछ । विधेयकको

---

कुनै बाधा परेको मानिने छैन । (२) उपदफा (१) बमोजिम पीडित र पिडक बीच मेलमिलाप गराउने सम्वन्धमा आयोगले पिडकलाई निजले गरेको गलत कामको पश्चाताप गर्न लगाई पीडितसँग माफी माग्न लगाउन सक्नेछ । (३) उपदफा (१) बमोजिम मेलमिलाप गराउंदा आयोगले पीडितलाई हुन गएको क्षति वापत मनासिब क्षतिपूर्ति पिडकद्वारा उपलब्ध गराउन लगाउनु पर्नेछ । (४) उपदफा (१) बमोजिम मेलमिलाप गराउने सम्वन्धमा पीडित र पिडकलाई उत्प्रेरित गर्नको लागि आयोगले देहायको काम गर्न गराउन सक्नेछ : (क) द्वन्द्वग्रस्त ठाउँहरुमा पिडक र पीडित तथा निजका परिवारहरुलाई सम्मिलित गराई मेलमिलाप सम्वन्धि समारोह आयोजना गर्न, (ख) पिडक र पीडित तथा निजका परिवारको संलग्नतामा सशस्त्र द्वन्द्वको क्रममा मरेका व्यक्तिहरुको सम्झनास्वरुप प्रतिमा निर्माण गर्न वा स्तम्भ खडा गर्न लगाउन, (ग) मेलमिलापसम्वन्धी विभिन्न लेख, रचना, निवन्ध, गीत चित्र आदि प्रकाशन गर्न, (घ) सामाजिक तथा सामुदायिक सद्भाव बृद्धि गर्न, (ङ) अन्य उपयुक्त कार्यहरु सञ्चालन गर्न, (५) पीडितको मृत्यु भैसकेको वा पीडित नाबालक वा मानसिक रुपले अस्वस्थ भएको अवस्थामा आयोगले पीडितको परिवार र पिडकसँग यस दफा बमोजिम मेलमिलाप गराउन सक्नेछ । (६) यस दफामा अन्यत्त जुनसुकै कुरा लेखिएको भएतापनि, पीडितको मञ्जुरी नलिई मेलमिलाप गराउन सकिने छैन । (७) यस दफा बमोजिम पीडित र पिडकको बीचमा मेलमिलाप भएको अवस्थामा, दफा २५(२) बमोजिम उल्लेख गरिएका अपराधहरुमा बाहेक अन्य विषयमा कुनै कारवाही गरिने छैन ।

[२०] सत्य निरुपण तथा मेलमिलाप आयोगसम्वन्धी विधेयक, दफा २३(३) । सत्य निरुपण तथा मेलमिलाप आयोगसम्वन्धी विधेयक अन्य सत्य निरुपण तथा मेलमिलाप आयोग कानूनहरु जस्तै छ जससँग बृहत नीतिका रुपमा परिपुरणसम्वन्धी सिफारिस गर्ने अधिकार छ, र उक्त नीतिलाई सहयोग गर्नका लागि कार्यक्रम स्थापित गरिनुपर्दछ र त्यसका लागि सम्वन्धित मन्त्रालयहरुको संलग्नताका साथै बजेट आवश्यक हुन्छ भन्ने कुरामा ध्यान दिईनुपर्छ ।

[२१] सत्य निरुपण तथा मेलमिलाप आयोगसम्वन्धी विधेयक, दफा २३(४) ।

यस दफाले व्यक्तिगत मेलमिलाप कार्यहरुलाई भन्दा राष्ट्रिय वा सामूदायिक स्तरको मेलमिलापलाई जोड दिएको देखिन्छ ।

मेलमिलाप भन्ने शव्दमा रहेको अस्पष्टता र मेलमिलापलाई सहजीकरण गर्न आयोगले के गर्न सक्दछ भन्ने कुरा अन्य धेरै सत्य आयोगहरुलाई सरह नेपालको सत्य निरुपण तथा मेलमिलाप आयोगका लागि पनि चुनौतिपूर्ण हुन सक्दछ । सियरा लियोनको सत्य निरुपण तथा मेलमिलाप आयोगले "पीडितहरुको कुरा सुन्ने आधिकारीक निकाय (सत्य निरुपण तथा मेलमिलाप आयोग) ले पीडितहरुको कुरा सुन्ने र पिडकहरुले सार्वजनिकरुपमा पीडितहरुसँग माफी माग्ने दुवै कार्य संयोजनबाट एक मुक्तिको अनुभवले मेलमिलापतर्फ डोऱ्याउनेछ" भन्ने विश्वासमा जिल्ला स्तरमा सार्वजनिक सुनुवाई गरी मेलमिलापलाई सहजीकरण गर्न खोजेको थियो ।[२२] चिलीको सत्य आयोग (रेट्टिग आयोग) ले "यसले स्थापित गर्ने सत्यको स्पष्ट र निश्चित उद्देश्य भनेको सम्पूर्ण चिलीबासीहरु बीच मेलमिलापका लागि कार्य गर्नु हो भन्ने शुरुदेखि नै बुझेको थियो" भन्ने उल्लेख गरी मेलमिलापको प्रश्नलाई सम्वोधन गऱ्यो ।[२३] टिमोर लिस्टेमा *स्वागत, सत्य र मेलमिलाप आयोग*को उद्देश्य "पूर्वी टिमोरमा भएका राजनैतिक द्वन्द्व र त्यसमा पनि विशेष गरी सन् १९९९ मा भएको आमहत्यापश्चात् राष्ट्रिय मेलमिलाप र आरोग्यता प्रवर्द्धन गर्नु" थियो ।[२४] सत्यको खोजी, सामूदायिक मेलमिलाप तथा मेलमिलाप र मानव अधिकारको प्रवर्द्धनका लागि गरिनुपर्ने थप कार्यहरुका सम्बन्धमा सरकारलाई सुझाव दिई आयोगले उक्त कार्यादेश पूरा गर्न खोज्यो । मेलमिलापको सन्दर्भमा आयोगले कम गम्भीर प्रकृतिका अपराधका दोषीहरुलाई समूदायमा पुनःसमायोजन गर्न सहजीकरण गर्ने "सामूदायिक मेलमिलाप प्रक्रियासम्वन्धी सुनुवाई" आयोजना गऱ्यो । यसलोाई समूदायहरु लक्षित गरिएको थियो र "पीडित र पिडकबीच

[२२] ब्योर्न पेटरसन, *सियरा लियोनमा द्वन्द्वपश्चात मेलमिलापः सिकेका पाठहरु,* इन्टरनेसनल आइडियाद्वारा मानव अधिकारका लागि उच्चायुक्तको कार्यालयका लागि तयार गरिएको प्रतिवेदन, कार्यक्षेत्र प्रमुखहरुको बार्षिक बैठक, जेनेभा, नोभेम्वर २००४, पृष्ठ १२ । लेखकले थप भनेका छन्: "सार्वजनिक सुनुवाई पश्चातको हप्तामा धेरैजसो जिल्लामा मेलमिलापशत्रहरु आयोजना गरिएका थिए । ती शत्रहरुको क्रममा विशेषगरी प्रतिनिधि साक्षीहरु, प्रायजसो पिडकहरुलाई आफ्नो कथा सुनाउन आमन्त्रण गरिए र क्षमादानका लागि समुदायलाई अनुरोध गरियो । लगभग नाटकियरुपमा भएको र ज्यादै भावनात्मक शत्रहरुमा, छानिएका पिडकहरुले परम्परागत र धार्मिक सामुदायिक नेताहरुका अगाडि घुडा टेकेर बस्थे र क्षमाका लागि अनुरोध गर्दथे । कहिलेकाँही पीडित र पिडकहरु हात मिलाउँथे । प्रार्थनाहरु र भावनात्मक वक्तव्यहरुबाट शत्रहरु अगाडि बढ्थ्यो ।" ऐ., पृष्ठ १३ । यद्यपी, उनले भनेका छन् कि सत्यको खोजी नै मेलमिलाप गराउन पर्याप्त हुन सक्दैन किनभने, "मेलमिलाप भने अन्तर व्यक्तिगत र अन्तर सामुदायिक प्रक्रिया मात्र नभई द्वन्द्वको वास्तविक कारणलाई सम्वोधन गर्ने सरकारी नीतिहरु र संरचनात्मकरुपमा विस्तृत स्तरको सुधारहरुसँग पनि सम्वन्धित छ ।" ऐ., पृष्ठ २४ ।

[२३] चिलिको सत्य तथा मेलमिलाप राष्ट्रिय आयोगसम्वन्धी प्रतिवेदन, पृष्ठ ४०, (फ्रेवुअरी १९९१) । आफ्नो निष्कर्षमा आयोगले उल्लेख गरेको छ कि मेलमिलाप भन्नाले "असर परेको समाजका विभिन्न खण्डहरुलाई एक साथ ल्याउनु पदर्छ । यस सम्वन्धमा आयोगले राष्ट्रलाई एक बनाउन इच्छा राख्ने र बदला नलिने भावना राख्ने धेरै पीडितहरुको बयानहरु सुन्यो भन्ने कुरामा ध्यान दिईनुपर्दछ । त्यसकारण, मेलमिलापलाई अगाडि बढाउन केही संकेत वा विशेष कार्यबाट सहयोग गर्न सक्नेहरुले त्यस्तो गर्नेछन् भनि आशा गरिनुपर्दछ । उदाहरणका लागि, तिनीहरुले गिरफ्तार गरिएपछि बेपत्ता भएकाहरु कहाँ छन् भन्ने वा मारिएका वा यातना दिई मारिएका व्यक्तिहरुको लाशको स्थानको बारेमा वा पत्ता नलागेका व्यक्तिहरुको बारेमा जानकारी दिन सक्दछन् । यस्ता कदमहरु चालेर नै राष्ट्रिय मेलमिलाप तर्फ बढ्न सक्छ जुन अति आवश्यक छ र यो विगतमा घटे जस्ता घटनाहरुको पुनरावृति हुनबाट रोक्ने प्राथमिक शर्त पनि हो ।" ऐ.,, पृष्ठ १११३ (अनुवाद) ।

[२४] पूर्वी टिमोरमा संयुक्त राष्ट्रसंघीय संक्रमणकालीन प्रशासन; पूर्वी टिमोरमा स्वागत, सत्य र मेलमिलाप आयोगको स्थापनासम्वन्धी नियमावली २००१/१०, प्रस्तावना ।

व्यक्तिगत् मेलमिलाप गराउने प्रक्रियाको रुपमा बनाइएको थिएन" ।[२५] धेरैजसो घटनामा पिडकहरुले मेलमिलाप गर्न चाहेका पीडितहरु गाउँ तथा छरछिमेकहरुबाट थिए ।

नेपालको सत्य निरुपण र मेलमिलाप आयोगको विधेयकमो मेलमिलाप शव्दको प्रयोग गरिएको छ तर सोको परिभाषा गरिएको छैन । मेलमिलापलाई अँग्रेजीमा "*सेटलमेन्ट*" भनी अनुवाद गर्न सकिन्छ जसले "मेलमिलाप (reconciliation)" को पूर्ण अर्थलाई समेट्दैन । यसका अतिरिक्त सत्य निरुपण र मेलमिलाप आयोगसम्वन्धी विधेयकमा रहेको मेलमिलापसम्बन्धी प्रावधानको मस्यौदा समस्याग्रस्त छ । कुनै सत्य निरुपण र मेलमिलाप आयोगले कसरी मेलमिलाप "गराउनेछ" भन्ने कुरा अस्पष्ट छ । मेलमिलाप भनेको व्यक्तिगत र सामाजिक प्रक्रिया हो जुन लामो समयको अवधिमा हुन वा नहुन सक्छ र जसलाई एउटै औपचारिक कार्यक्रमकको रुपमा परिकल्पना गर्न सकिदैन । सत्यको खोजी, परिपुरण, पिडकको फौजदारी उत्तरदायित्वको सुनिश्चितता वा संस्थागत सुधार कार्यान्वयन आदिले फरक तरिकाहरुबाट मेलमिलापमा योगदान पुग्न सक्दछ तर सत्य आयोगले निश्चित रुपमा पीडित र पिडककाबीचमा मेलमिलाप गराउन सक्दछ भनी सोच्नु कठिन छ यद्यपी यो मेलमिलापका लागि प्रोत्साहित गर्न सहयोगी हुन सक्दछ ।[२६] माथि उल्लेखित टिमोर लेष्टेको आयोगको उदाहरणमा स्थानिय मेलमिलाप प्रक्रिया पीडित, पिडक र समुदायका अगुवाहरुको सहमतिबाट अगाडि बढाइएको थियो, आयोगबाट लादिएको थिएन । यसका साथै सिद्धान्ततः सम्पत्तिसम्वन्धी अपराधहरु र आगलागी जस्ता कम गम्भीर अपराधहरुको सम्वोधन गर्न मात्र मेलमिलाप प्रक्रियाको प्रयोग गरिएको थियो । हत्या, यातना तथा यौनजन्य हिंसाहरुलाई पूर्णरुपमा उक्त प्रक्रियाबाट बाहिर राखिएको थियो ।

## *निष्कर्ष*

नेपालको सत्य निरुपण तथा मेलमिलाप आयोगसम्बन्धी विधेयकमा क्षमादान तथा मेलमिलापका बिचमा स्पष्ट सम्बन्ध नभए पनि यी दुबैले पीडितहरुलाई गम्भीर असर पार्दछन् । यदि क्षमादानको सिफारिससम्बन्धी प्रावधान कायम रहन्छ भने आयोगले क्षमादानका लागि सिफारिससम्बन्धी आफ्नो निर्णयप्रक्रियामा सम्बन्धित पीडितहरुसँग नियमित परामर्श गर्नुपर्दछ । यसका अतिरिक्त निर्णय प्रक्रियामा पीडितहरुको सक्रिय र शसक्त भूमिका रहनुपर्दछ र आयोगले क्षमादानका लागि सिफारिस गर्दा पीडितहरुको विचारलाई पर्याप्त महत्व दिनुपर्दछ ।

---

[२५] न्याय प्रणाली अनुगमन कार्यक्रम, *अधुरा अपेक्षाहरु: आयोगको सामुदायिक मेलमिलाप प्रक्रियाका बारेमा समुदायको दृष्टिकोण*, २००४, पृष्ठ ८ ।

[२६] विश्लेषकहरुले भनेका छन् कि क्षमादानसम्बन्धी सुनुवाईहरुले दक्षिण अफ्रिकामा मेलमिलाप कार्यहरुका लागि मञ्च उपलब्ध गरायो । स्ल्येका अनुसार "वास्तवमा क्षमादान प्रक्रियामा सबै सहभागीहरुले ... प्रक्रियाको कुनै विन्दुमा मेलमिलापको विषयलाई उठाए । केही सुनुवाईका क्रममा र सुनुवाईको अगाडि वा तत्काल पछाडि माफी, क्षमा, वा पीडित र पिडकबीच मेलमिलापको घटनाहरु भए ।" स्ल्ये, पृष्ठ १५।

मेलमिलापको सम्बन्धमा हेर्दा विधेयकमा सामाजिक मेलमिलाप तथा पीडित र पिडकहरु बिचको प्रत्यक्ष मेलमिलापसँग सम्बन्धित दुबै प्रावधानहरु समावेश गरेको छ । यसबाट आयोगको कार्यादेश कार्यान्वयनका समयमा समस्या उत्पन्न हुने सम्भावना रहन्छ । सामाजिक मेलमिलापको कुरा गर्दा, यदि आयोग विश्वसनिय भएमा र विश्वसनिय रहेको मानिएको खण्डमा, सत्यको खोजि प्रक्रिया तथा विस्तृत परिपुरण कार्यक्रमका साथसाथै अभियोजन तथा संस्थागत सुधारसम्बन्धी सुझावहरुले राज्य तथा राज्यको निकायउपर विश्वास सिर्जना गर्न धेरै हदसम्म सफल हुने कुरामा शंका छैन। तथापी समूदायहरुको आरोग्यताका लागि अन्य थुप्रै कदमहरु चालिनुपर्ने हुन्छ, र सत्य निरुपण तथा मेलमिलाप आयोग त्यस विस्तृत प्रक्रियातर्फको एक कदम मात्र हो। सत्य निरुपण तथा मेलमिलाप आयोगसम्बन्धी विधेयकमा उल्लेख गरिएको आयोगलाई पीडित र पिडकका बिच मेलमिलाप "गराउन" सक्ने व्यवस्था ठुलो चिन्ताको विषय हो । तुलनात्मक अनुभवले वैयक्तिक मेलमिलापहरु ज्यादै निजी रहने औंल्याएका छन् । यसका अतिरिक्त पीडितहरुलाई दबाब दिँदा त्यसले आरोग्यतामा सहयोग गर्ने अवसर सिर्जना गर्ने

आभार

संक्रमणकालीन न्यायका लागि अन्तर्राष्ट्रिय केन्द्र यस जानकारी पत्रको प्रकाशनका लागि सहयोग उपलब्ध गराउने नर्वेली परराष्ट्र मन्त्रालयको प्रतिनिधित्व गर्ने नेपालस्थित नर्वेली राजदुताबास र नेपालस्थित डेनिश राजदुताबासप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छ।

संक्रमणकालीन न्यायका लागि अन्तर्राष्ट्रिय केन्द्र विगतमा भएका आम उल्लंघनको सामना गर्दै गम्भिर प्रकृतिको मानव अधिकार उल्लंघनमा उपचार र निवारणका लागि कार्यरत रहेको छ। केन्द्रले जवाफदेहिता प्रवर्द्धन गर्न तथा न्यायपूर्ण र शान्तिपूर्ण समाज सिर्जनाका लागि सर्वांगिण समाधानहरुको अनुसरण गर्दछ। थप जानकारीका लागि हेर्नुहोस, www.ictj.org

संक्रमणकालीन न्यायका लागि अन्तर्राष्ट्रिय केन्द्र
५ ह्यानोभर स्क्वायर, २४औं तल्ला
न्यूयोर्क, संयूक्त राज्य अमेरिका १०००४